**OHCHR-Nepal**

वितरणपूर्व रोक

**लुइस आर्वरद्वारा सम्बोधन**

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त**

**२०६३ माघ ६**
**काठमाडौं, नेपाल**

**<u>नेपालमा मानवअधिकार र शान्ति प्रक्रिया</u>**

विशिष्ट अतिथि, नेपालका मानवअधिकार समुदायका सदस्यहरू तथा मित्रहरू,

मेरो कार्यालय नेपालमा सन् २००५ मईमा स्थापना भएयताको मेरो पहिलो भ्रमणमा यहाँ आउन पाएकोमा म धेरै हर्षित छु । यो यहाँहरूको देशमा प्रगति र मानवअधिकारको संरक्षणका लागि जारी चुनौतीहरू दुवैको अवधि भएको छ ।

म ११-वर्षे द्वन्द्वको क्रममा मानवअधिकार उल्लङ्घनका पीडितहरू, विशेषतः ती जसलाई हत्या गरियो वा जो बेपत्ता भएका छन् र ती जसका जीवन भयावह हिंसाबाट बर्बाद भएका छन्, लाई स्मरण गरेर सुरु गर्न चाहन्छु । मेरो कार्यालय बाँच्न सफल भएका र यो दुःखान्तबाट प्रभावित भएकाका परिवारहरूलाई न्याय दिलाउन सहयोग गर्न आफ्ना प्रयासहरू जारी राख्न प्रतिवद्ध छ ।

म यो कठिन अवधिभरि नेपालको मानवअधिकार समुदायको असाधारण कार्य तथा उपलब्धिहरूलाई उल्लेख गर्न पनि चाहन्छु । मेरो कार्यालय र यहाँहरूको समुदायबीचको साझेदारी हाम्रा कार्यका निम्ति अति आवश्यक रही आएको छ, र यो शान्ति प्रक्रियाभरि यथावत रहनेछ ।

मानवअधिकरप्रतिको सम्मान सबै देशमा शान्ति र लोकतन्त्र लागि एउटा अति आवश्यक जग हो । हिंसाको अन्त्य गर्न खोज्ने देशहरूमा शान्ति सम्झौताहरूलाई सफलताको अधिकतम मौका प्राप्त गर्न शान्ति प्रक्रियाको वार्ता एवं कार्यान्वयनको चरणमा मानवअधिकारहरू केन्द्रीय अवयवहरू हुनुपर्दछ भन्ने हाम्रो अनुभव छ ।

यहाँ नेपालमा शान्ति प्रक्रियाको आगामी चरणमा मानवअधिकारको सम्मान कोनेढुङ्गा हुनुपर्दछ जसमाथि कानुनी शासनको स्थापना हुन्छ । शान्ति प्रक्रिया अवधिभर मौलिक मानवअधिकारहरू प्रत्याभूत गर्न तथा सामाजिक रूपान्तरणको प्रक्रियाको अङ्गको रूपमा लामो समयदेखि रही आएका मानवअधिकार मुद्दाहरूलाई सम्बोधन गर्न विस्तृत् शान्ति सम्झौता (विशास)मा हस्ताक्षर गर्ने सात दल गठबन्धन सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का प्रतिवद्धताहरूबाट म धेरै उत्साहित छु ।

मानवअधिकारका मूलभूत कुराहरूबारे दलहरूबीच भएको यो साझा सहमतिले नेपालका जनतालाई ठूलो अवसर प्रदान गरेको छ । त्यो अवसरको सदुपयोग गर्न राजनीतिक दलहरू, सरकार र राजकीय संस्थाहरूको दृढ प्रयास एवं मानवअधिकार रक्षकहरूलगायत नागरिक समाजको सक्रिय संलग्नता आवश्यक पर्नेछ । व्यापक परामर्श तथा राष्ट्रिय र स्थानीयस्तरमा सम्वादमा आधारित सहमति त्यो प्रक्रियाका लागि अति आवश्यक हुनेछ ।

विशासका मानवअधिकारसम्बन्धी प्रावधानहरूको अनुगमन गर्नमा मेरो कार्यालयलाई केन्द्रीय भूमिका खेल्न अनुरोध गरिएको छ । यो जिम्मेवारी पूरा गर्नलाई नेपालको आगामी अन्तरिम सरकार, राजनीतिक दलहरू, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज तथा सम्बद्ध अरु सबै पात्रसँग मिलेर काम गर्ने हाम्रो उद्देश्य छ । हाम्रो प्राथमिक जोड देशका विकास क्षेत्र र जिल्लाहरूमा स्वतन्त्र तथा निष्पक्षपूर्वक मानवअधिकार स्थितिको अनुगमन गरेर तथा सबै दलसँग आवश्यक वकालतीमा संलग्न भएर शान्तिपूर्ण वातावरणलाई योगदान पुऱ्याउनुमा हुनेछ ।

द्वन्द्वको क्रममा मानवअधिकारको उल्लङ्घन तथा दुर्व्यवहारप्रति मानिसहरू सबैभन्दा बढी जोखिम क्षेत्रीय वा ग्रामीण समुदायमा बने - र हिंसाका खतराहरू विगतका वस्तु बनून् भन्ने सुनिश्चित गर्न यी समुदयमा हामी सबैले विशेष प्रयास गर्नुपर्दछ । यो आन्तरिक रूपले विस्थापित जनसङ्ख्या पूर्ण रूपले सुरक्षित र दिगो तरिकाले फर्कन पाउनु, देशभरि सरकारी सेवाहरू पुनर्स्थापित गरिनु, तथा समुदायहरूले ११-वर्षे द्वन्द्वबाट तङ्ग्रिन पाउनु अति आवश्यक छ ।

यस सन्दर्भमा, अप्रिलको जनआन्दोलनयता, र विशासमा हस्ताक्षर भएयतासमेत, हाम्रा टोलीहरूले जिल्लाहरूमा चालु गम्भीर मानवअधिकार दुर्व्यवहारहरूको अनुगमन गरेका छन्, खासगरी नेकपा ( माओवादी)का कार्यकर्ताहरूद्वारा भएका जो अपहरण एवं केही घटनामा यातना तथा दुर्व्यवहारका लागि जिम्मेवार छन् । यस्ता दुर्व्यवहारको अन्त्य हुनुपर्छ – तत्काल ।

हाम्रा टोलीहरूले द्वन्द्वका दुवै पक्षलाई मानवअधिकारको संरक्षण गर्ने आफ्ना प्रतिवद्धताहरूलाई व्यवहारमा ल्याउन सहयोग गर्न स्थानीय अधिकारीहरू, नागरिक समाज तथा प्रमुख स्थानीय पात्रहरूसँग नजिक रहेर कार्य गर्नेछन् । राष्ट्रियस्तरको सरकार र अन्तर्राष्ट्रिय समुदाय मानवअधिकारसम्बन्धी कुनै सरोकारहरूका बारेमा एवं त्यसलाई सम्बोधन गर्न कार्यका लागि हाम्रा सिफारिसहरूका बारेमा सचेत होओन् भन्ने हामी आफ्ना प्रतिवेदनमार्फत् सुनिश्चित गर्नेछौं ।

मानवअधिकारको संरक्षण शान्ति प्रक्रियको केन्द्रमा रहोस् भन्ने प्रत्याभूत गर्न मेरो कार्यालयले यो सङ्क्रमणकालीन अवधिमा अति आवश्यक ठानेका कारबाहीका तीनवटा विशिष्ट क्षेत्र छन् ।

प्रथमतः मानवअधिकार संरक्षणका लागि दण्डहीनताको संस्कृति एउटा मुख्य खतरा हो । यसर्थ बेपत्तासम्बन्धी नसुल्झिएका सबै मुद्दा समाधान गर्ने तथा द्वन्द्वको क्रममा - नेकपा-माओवादी र राज्यका सुरक्षाफौज दुवैतर्फबाट - गम्भीर मानवअधिकार उल्लङ्घन गर्नेहरूलाई जवाफदेही बनाउने कार्य पहिलो प्राथमिकता हो । अन्तर्राष्ट्रिय अनुभवले यो कार्य - कठिन र चुनौतीपूर्ण भए पनि - टिकाउ र दिगो शान्तिका लागि अति आवश्यक पूर्वसर्त भएको सिकाउँछ ।

यससँग सम्बन्धित कुरा सैनिककर्मीद्वारा सर्वसाधारणहरूविरुद्ध भएका गम्भीर मानवअधिकार उल्लङ्घनहरू आन्तरिक सैनिक कार्यविधिमार्फत् समाधान गर्ने प्रयत्न_गरिनु हुँदैन । नेपालमा नागरिक कानुनी प्रणालीमार्फत् निष्पक्ष र पारदर्शी ढङ्गले तिनको छानबिन तथा अभियोजन गरिनुपर्दछ भन्ने मेरो दह्रो विश्वास छ । यो नेपालमा कानुनी शासनको पुनर्स्थापना गर्नमा अर्को महत्वपूर्ण कदम हो ।

राज्य पनि पीडित र तिनका परिवारहरूप्रति प्रत्यक्ष रूपले जवाफदेही छ जसलाई के भयो भन्नेबारे सत्य थाहा पाउनेमात्र होइन न्याय गरिएको हेर्ने पनि अधिकार छ । यस सम्बन्धमा पूर्ण आममाफी कहिल्यै पनि दिगो समाधानको अङ्ग हुन सक्दैन भन्ने विगतको अभ्यासबाट स्पष्ट छ । उच्चायुक्तको कार्यालय, नेपालले

छानबिन र अभियोजनमा भएका अवरोधलगायत नेपालमा दण्डहीनताको अन्त्य गर्नमा प्रगतिको अभावबारे घरीघरी आफ्ना सरोकारहरू उठाएको छ ।

उच्चायुक्तको रूपमा आफ्नै देशहरूमा मानवअधिकार दुर्व्यवहार गरेको आशङ्का गरिएका सैनिक वा प्रहरीहरू संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना मिसनहरूमा सेवा गर्न अनुपयुक्त हुन्छन् भन्ने मेरो एकनासको अडान रही आएको छ । उनीहरू आफ्नै नागरिकहरूको संरक्षण गर्न सक्दैनन् भने अन्य राज्यका नागरिकहरूको प्रतिरक्षा गर्ने कति सम्भावना हुन्छ र । यो कुरा अरूलाई जत्तिकै नेपाली प्रहरी तथा सैनिकहरूलाई लागू हुन्छ ।

यसर्थ, राज्यको सुरक्षाफौज, व्यक्ति र सैनिक इकाईहरू दुवै जसको पहिलेको आचरणले त्यस्तो गरेको देखाउँछ तिनलाई नागरिक अदालतहरूमार्फत् पूर्ण छानबिन र उपयुक्त अभियोजन नहुइन्जेल संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना कारबाहीमा सहभागी हुन दिइनु हुँदैन भन्ने सुनिश्चित गर्न मेरो कार्यालय उत्सुक छ ।

यस सम्बन्धमा, उदाहरणका लागि, मेरो कार्यालयले १५-वर्षीया मैना सुनुवारको यातना र मृत्युबारे तथा अन्य घटनामध्ये काठमाडौंको भैरवनाथ गणद्वारा दिइएको यातना र बेपत्ता पार्ने घटनासम्बन्धी विस्तृत प्रतिवेदनहरू सरकारलाई पेस गरेको छ ।

दोस्रो, कानुन कार्यान्वयन तथा अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूसँग मेल खाने न्यायप्रशासनका लागि एउटा प्रभावकारी प्रणालीको स्थापना गरिनु अति आवश्यक छ । अन्य कुरामध्ये यसमा व्यवसायिक प्रहरीबल पर्दछ जसले आफूले सेवा पुऱ्याउने नागरिकहरूका यातनाबाट मुक्त हुने अधिकारलगायतका मानवअधिकारहरूलाई बुझ्दछ र सम्मान गर्दछ ।

नयाँ लोकतान्त्रिक नेपालको प्रहरी समुदायको प्रतिनिधि, समुदायका आवश्यकताहरूप्रति जवाफी तथा यसप्रति जवाफदेही हुनुपर्दछ । त्यो उद्देश्यका लागि,उच्चायुक्तको कार्यालय, नेपालले सबै प्रहरीले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूमुताबिक कार्य गरून् भन्ने सुनिश्चित गर्न प्रहरीलाई मानवअधिकार तालिम दिइरहनुका साथै आफ्ना मानवअधिकारसम्बन्धी स्थायी आदेशहरूलाई अन्तिम रूप दिन तथा प्रकाशित गर्न प्रहरीलाई सहयोग गर्दै आएको छ ।

एउटा सशक्त, स्वतन्त्र र निष्पक्ष फौजदारी न्याय प्रणालीको संवैधानिक प्रत्याभूति पनि हुनुपर्दछ, र यो न्यायप्रणाली सबै नेपाली, खासगरी समाजका सबैभन्दा सीमान्तकृत तथा सुविधाबिहीन क्षेत्रका मानिसहरू, का लागि पहुँचयोग्य हुन अति आवश्यक छ । न्यायमा पहुँच उच्चायुक्तको कार्यालय, नेपालका क्षेत्रीय टोलीहरूका लागि, खासगरी यौनहिंसाबाट पीडित महिलाहरू र धेरै ग्रामीण दलित समुदायजस्ता न्याय प्रणालीमा पहुँच प्राप्त गर्न कठिन समाजका विभिन्न क्षेत्रका मानिसका निम्ति, एउटा प्रमुख जोड हो ।

तेस्रो, माथिकै कुरालाई अनुसरण गर्दै, अहिले दलित, आदिवासी, मधेसी, अपाङ्ग, यौन अल्पसङ्ख्यक तथा पूर्वकमैयाजस्ता शोषित समूहहरूजस्ता नेपाली जनताको सामाजिक बहिष्करण तथा लामो समयदेखिका भेदभावलाई सम्बोधन गर्ने समय हो । शान्ति प्रक्रियामा, कमजोर पार्ने भेदभावका यस्ता स्वरूपहरू सम्बोधन/उन्मूलन गरिने तथा सबैको भलाईका लागि समानताको प्रत्याभूत गरिने तथा अभ्यास गरिने राज्य सिर्जना गर्नमा नेपाललाई ठूलो फड्को मार्ने मौका मिलेको छ ।

यो उद्देश्यका लागि, उच्चायुक्तको कार्यालय, नेपाल प्रमुख मानवअधिकार सरोकारहरूको पहिचान गर्न तथा लामो सयमदेखिका भेदभावको अन्त्यका लागि वकालति गर्न धेरै सीमान्तकृत समूहका नागरिक समाजका सङ्गठनहरूसँग नजिकमा रहेर काम गर्दछ । मेरो कार्यालय घरेलु कानुन निर्माण र कार्यान्वयनबारेलगायत अन्तर्राष्ट्रिय सन्धिहरूअन्तर्गतका कानुनी दायित्वहरूका सम्बन्धमा सरकारलाई सिफारिसहरू पनि गर्दछ ।

नेपाल शान्ति प्रक्रियाको नयाँ चरणमा प्रवेश गरिरहेको छ, जसमा हतियार र सेनाहरूलाई ब्यारेक र सैनिक शिविरहरूमा सीमित गरिएको छ । यस अतिरिक्त, संविधान सभाको निर्वाचनको तयारी देशभरिका समुदायहरूमा छिट्टै हुनेछ । स्वतन्त्र र निष्पक्ष चुनावका लागि अनुकूल वातावरणको सिर्जना गर्न मानवअधिकारको सम्मान अति आवश्यक छ । आफ्ना सदस्यहरूले विभिन्न राजनीतिक विचारहरू लिने तथा शान्तिपूर्ण तरिकाले अभिव्यक्त गर्न पाउने अरूको अधिकारको सम्मान गरून् भन्ने सुनिश्चित गर्ने दायित्व सबै राजनीतिक दलको हुन्छ । एघार वर्षको द्वन्द्वबाट निक्लिरहेको देशमा जहाँ समाजमा विभाजन र तनाव हुने निश्चित छ, राजनीतिक दल तथा तिनका समर्थकहरू, एवं सबै तप्काका स्थानीय नेताहरूले धम्की र हिंसामा उत्रनुभन्दा सहिष्णुता देखाउन तथा मतभेदहरूलाई समाधान गर्न सम्वादमा संलग्न हुन अत्यन्त महत्वपूर्ण छ ।

सरकारमा भएमा आफैंले मानवअधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नेछौं भन्ने देखाउनु लोकतान्त्रिक तथा समावेशी ढङ्गले कार्य सञ्चालन गर्ने राजनीतिक दलहरूको दायित्व हुन्छ । संविधान सभाको चुनावका लागि उम्मेदवारहरू दलहरूको सूचीका प्रमुख पदहरूमा महिला, दलित, मधेसी तथा अलिक साना अल्पसङ्ख्यक समूहहरूका मानिसलगायत विविधतायुक्त नेपाली समाजको सबै वर्ग र समुदायबाट आऊन् भन्ने सुनिश्चित गरी भेदभाव तथा बहिष्करणको अन्त्य गर्ने मूलप्रवाहका राजनीतिक दलहरूलाई अत्यन्त ठूलो अवसर छ । यसले संविधान सभालाई अझ बढी प्रतिनिधिमूलक बनाउन योगदान पुऱ्याउनेछ - यस्तो सभा जहाँ सबै नेपाली जनताले तिनका आफ्ना चाहनाहरू प्रत्यक्ष रूपले प्रतिविम्बित भएको पाउनेछन् ।

यहाँहरूलाई थाहा नै होला गतवर्ष मानवअधिकार दिवसका लागि मेरो कार्यालयको विश्वव्यापी जोड गरिबीमा थियो । लामो द्वन्द्वपछि वार्ताद्वारा शान्ति ल्याउने तथा शासनमा सङ्क्रमणकालीन सत्ता बाँडफाँडका विधिहरू विकास गर्ने जरुरी कार्यमा चरम गरिबीको लाखौं नेपालीको दैनिक जीवनमा परेको प्रभावबाट विचलित हुन सजिलो छ ।

संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूद्वारा तिनले तत्कालीन महासचिव कोफी अन्नानको प्रतिवेदन *बृहत् स्वतन्त्रतामा*माथि विचार गरेपछि गरिबी, मानवअधिकार र द्वन्द्वबीचको सम्बन्धलाई सन् २००५ मा स्वीकार गरियो । गरिबी कम गर्ने तथा उन्मूलन गर्ने प्रभावकारी कार्य बेगर मानवअधिकारको कुरा व्यर्थ हुनेछ । द्वन्द्वोत्तर परिवेशमा वास्तविक सुरक्षा सुनिश्चित गर्न केन्द्रीय वस्तुको रूपमा रहेका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू मानवअधिकारको एकीकृत दृष्टिकोणका अति आवश्यक तत्वहरू हुन् ।

व्यापक गरिबीको मूल कारण रहेका भेदभाव र शोषणलाई तुरुन्तै र गम्भीर रूपले सम्बोधन गरिनुपर्दछ । सबै नेपाली जनताले प्रतिष्ठापूर्वक बाँच्नसक्ने तथा सहभागिताले ल्याउने सबै अवसर तथा उत्तरदायित्वका साथ राष्ट्रको जीवनमा पूर्ण रूपले सहभागी भएमात्र शान्ति सुनिश्चित गर्न सकिन्छ ।

नेपाली जनताको ठूलो बहुमत खेतीपातीबाट खाइजीवीका गर्ने हुनाले नेपाल अझै प्रबल रूपले ग्रामीण समाज नै छ । डरलाग्दो मातृ तथा बाल मृत्युदर, शारीरिक श्रमबाट युवती तथा महिलाहरूमा पाठेघर खस्ने उच्च उदाहरण आधारभूत खाद्य सुरक्षा, आवास तथा जमिनमा पहुँचको अभाव, कमजोर साक्षरता स्तर र आधारभूत शिक्षा प्राप्त गर्न पनि सीमित क्षमता - यी सबै जल्दाबल्दा मानवअधिकिारसम्बन्धी मुद्दा हुन् र तिको समाधान सबै नेपाली जनताका लागि एउटा निष्पक्ष र न्यायपूर्ण समाजतर्फको प्रगति सुनिश्चित गर्न नितान्त आवश्यक छ ।

नेपाली मानवअधिकार समुदायका मित्रहरू, आगामी महिनाहरूमा हामी सबैले गर्ने काम धेरै छ । मानवअधिकारकार सबैभन्दा आधारभूत चुनौतीहरूलाई सम्बोधन गर्न सघाउन पाउनु गौरवको कुरा हो । नेपाली जनताका मानवअधिकारहरूको संरक्षण तथा प्रवर्द्धन शान्ति प्रक्रियाको केन्द्रमा रहन्छ भन्ने सुनिश्चित गर्न मेरो कार्यालयले यो दात्यित्वलाई अत्यन्त गम्भीरतापूर्वक लिनेछ र तपाईंहरूसँग मिलेर काम गर्दै हामी आफूले जतिसक्दो गर्नेछौं भन्ने म विश्वास दिलाउँछु ।

धन्यवाद ।